प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

तानसेन, पाल्पा

फोन नः ०७५-५९००२०
ईमेलः sddopalpa@gmail.com
Web site: sddopalpa.lumbini.gov.np

प.सं. ०७८/७९
च.नं. ११५

मितिः २०७८।१२।२२

**विषयः सम्झौता गर्ने सम्बन्धमा ।**

श्री जो जससँग सम्वन्धित छ ।

प्रस्तुत विषयमा आ.व २०७८।०७९ को यस कार्यालयलाई प्राप्त वार्षिक स्वीकृत कार्यक्रम अनुसार ब.उ.शि.नं. ३५०००१८४ " युवा तथा खेलकुद कार्यक्रम " र ब.उ.शि.नं. ३५००००१४४ " शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम " अन्तर्गत तपसिलमा उल्लेखित कार्यक्रम रहेको हुँदा पाल्पा र गुल्मी जिल्लाका सम्बन्धित विद्यालय, संघसंस्था वा निकायहरुले निम्न बमोजिमका कागजात सहित मिति २०७९।०१।०६ गते भित्र कार्यक्रममा उल्लेखित निर्माण/मर्मत सम्वन्धी प्रस्तावना तयार गरी सम्बन्धित संघसंस्था तथा निकायहरुले संचालक समिति/ निर्माण समिति/ उपभोक्ता समितिका अध्यक्ष र एकजना पदाधिकारी सहित यस सामाजिक विकास डिभिजन कार्यालय तानसेन, पाल्पामा सम्झौता गर्नुहुन अनुरोध छ। साथै तोकिएको म्याद भित्र सम्झौता नभएमा सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्न बाध्य नहुने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

| क्रसं. | कायक्रमको शिर्षक | ब.उ.शि.नं. | विनियोजित रकम |
|---|---|---|---|
| १ | रानीवन कवडहल निर्माण रुरुक्षेत्र -५ | ३५००००१८४ | ५,००,०००।- |
| २ | कुँडराचौर कवडहल निर्माण छत्रकोट -४ | ३५००००१८४ | ५,००,०००।- |
| ३ | कालाबगर खेलमैदान तथा वस्ती विकास तटवन्ध तुराङ चन्द्रकोट -८ गुल्मी | ३५००००१८४ | ५,००,०००।- |
| ४ | देविस्थान खेलमैदान निर्माण मुसिकोट नपा-३ गुल्मी | ३५००००१८४ | ५,००,०००।- |
| ५ | अफरेचौर खेलमैदान निर्माण बगनासकाली-१ | ३५००००१८४ | ५,००,०००।- |
| ६ | जाल्मघाट खेलमैदान तिनाउ-४ पाल्पा | ३५००००१८४ | ५,००,०००।- |
| ७ | नौलो बिहानी खेलमैदान स्तरउन्नती रुक्सेभञ्ज्याङ निस्दी-४ पाल्पा | ३५००००१८४ | ५,००,०००।- |
| ८ | न्यु सनराईज युवा कलव कोठा निर्माण छत्रकोट-३ गुल्मी | ३५००००१८४ | ५,००,०००।- |
| ९ | धाराचौर आ.वि. मैदान स्तरउन्नती मदाने-६ गुल्मी | ३५००००१८४ | ५,००,०००।- |
| १० | परमानन्द बहुमुखी क्याम्पस धुर्कोट | ३५००००१४४ | ५,००,०००।- |
| ११ | ज्ञानोदय प्रा.वि. भवन मर्मत,माथागढी-१ | ३५००००१४४ | १०,००,०००।- |
| १२ | संस्कृत मा.वि. रिडी शौचालय निर्माण | ३५००००१४४ | ५,००,०००।- |

पुण्य प्रसाद न्यौपाने
शाखा अधिकृत

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

तानसेन, पाल्पा

फोन नः ०७५-५९००२०
ईमेलः sddopalpa@gmail.com
Web site: sddopalpa.lumbini.gov.np

प.सं. ०७८/७९
च.नं. ११५

---

तपसिल

आवश्यक कागजातहरु

१. सम्वन्धित संघ संस्था वा निकायको सम्झौताका लागी निवेदन पत्र ।

२. संरचना निर्माण स्थलको जग्गाधनी प्रमाण पत्र वा भोगाधिकार रहेको कागजात ।

३. निर्माण कार्यको विस्तृत विवरण र सोको प्रमाणित लागत अनुमान ।

४. कार्य प्रारम्भ गर्ने, सम्पन्न गर्ने समयसिमा तथा स्पष्ट कार्ययोजना सहित निर्णयको प्रमाणित प्रतिलिपी।

५. गत वर्षमा सरकारी रकम वा अन्य स्रोत प्रयोग गरी निर्माण कार्य भएको भए हालसम्म भएको बजेट खर्च र सम्पन्न कामको विस्तृत विवरण ।

६. उल्लेखित कार्यक्रमका लागि जम्मा लागत रकमको कम्तीमा १० प्रतिशत साझेदारी सुनिश्चितता सहित निर्णयको प्रमाणित प्रतिलिपी ।

७. निर्माण गरिने संरचनाको नक्शा, ड्रइङ डिजाइन र DPR निर्माण भएको भए सोको प्रतिलिपी ।

८. सम्बन्धित स्थानीय तह वा वडा कार्यालयको सिफारिस पत्र ।

९. सम्बन्धित संघसंस्था वा निकायको संचालक समिति/ निर्माण समिति/ उपभोक्ता समितिका सम्पूर्ण पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी ।

१०. सम्बन्धित संघसंस्था वा निकायको संचालक समिति/ निर्माण समिति/ उपभोक्ता समितिको नाममा रहेको बैङ्क खाताको चेकको भित्री पानाको फोटोकपी ।

११. सम्बन्धित संघ संस्था वा निकायको संस्था दर्ता र नविकरण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

पुन्य प्रसाद न्यौपाने
शाखा अधिकृत